(स्थानिय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ र दफा १०३ सँग सम्बन्धित)

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

| | | |
|---|---|---|
| खण्डः | संख्या | मितिः २०८१/०३/२८ |

भाग -१

बागमती नगरपालिका

## बागमती नगरपालिकाको विनियोजन ऐन -२०८१

बागमती नगरपालिका कर्मैया सर्लाहीको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि संचित कोषबाट खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति २०८१/०३/२४
प्रमाणिकरण मितिः २०८१/०३/२४

प्रस्तावना : बागमती नगरपालिका कर्मैया सर्लाहीको आर्थिक वर्ष २०८१ /०८२ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन सो रकम बिनियोजन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २९९ को उप-धारा (२) बमोजिम बागमती नगरपालिका कर्मैया सर्लाहीको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- १.यस ऐनको नाम "बागमती नगरपालिकाको विनियोजन ऐन, २०८१ " रहेको छ ।
   २. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
   ३. "नगर प्रमुख" भन्नाले बागमती नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ
   ४."नगर कार्यपालिका " भन्नाले बागमती नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ
   ५. "नगर सभा " भन्नाले बागमती नगरपालिकाको नगर सभा सम्झनु पर्दछ|
२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त संचित कोषबाट रकम खर्च गर्न सक्ने अधिकार : १. आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुजीगत खर्च वित्तीय व्यबस्थाको रकम समेत गरि जम्मा रकम रु१,०४,३६,९१,०००।०० मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजन : १. यस ऐन द्वारा संचित कोष बाट खर्च गर्न अधिकार दिएको रकम आर्थक वर्ष २०८१/०८२ को निमित्त बागमती नगरपालिका कर्मैया सर्लाहीको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिने छ ।

२. उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिएको रकम मध्य कुनैमा बचत हुने र कुनै मा अपुग हुन आएमा नगर प्रमुखले बचत हुने शीर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ । यसरि रकम सार्दा एक शीर्षकबाट सो शिर्षकको जम्मा रकम को २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ ।पुजीगत खर्च र वित्तीय ब्यबस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय ब्यबस्था अन्तर्गत सावा भक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यन्त्र सार्न सकिने छैन ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्ने छ वा सो सिमा भन्दा बढी रकम सारी खर्च समेत गरि पछी नगर सभा बाट अनुमोदन वा समर्थन गराउन सकिने छ ।

४. आयोजना तथा कार्यक्रम : आर्थिक वर्ष २०८१/०८२ को लागी अनुसूची २ बमोजिमका आयोजना तथा कार्यक्रम बजेट नगर कार्यपालिकाको कार्यालयले संचालन गर्न सक्ने छ ।

५. विविध शिर्षक मा विनियोजन बजेट सम्बन्धमा :बिबिध शिर्षकमा विनियोजित बजेट आवश्यकता र औचित्यको आधारमा विभिन्न आयोजना वा कार्यक्रममा विभाजित गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत लाइ रहने छ ।

६. आर्थिक सहायता, अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्नेः आवश्यकता र औचित्यताको आधारमा सम्बन्धित बजेटको परिधि भित्र रही कुनै व्यक्ति वा संस्थालाई आर्थिक सहायता, अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्ने अधिकार नगर प्रमुखमा रहने छ ।

७. खर्च गर्न बाधा नपर्ने : नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय तह वा जिल्ला समन्वय समिति वा कुनै संस्था बाट शसर्त रुपमा प्राप्त रकम नगर सभाबाट पारित कार्यक्रम वा आयोजना भित्र नपरेतापनी सो रकम खर्च गर्न कुनै बाधा पर्ने छैन ।

८. संघीय खरिद कानुन बमोजिम खरिद ब्यबस्थापन गर्न सकिने : नगरपालिकाको सार्वजनिक खरिद नियमावली नबन्दा सम्म संघीय सार्वजनिक खरिद कानुन बमोजिम सार्वजनिक खरिद ब्यबस्था गर्न सकिने छ ।

९. बस्तुगत अनुदान सम्बन्धि व्यवस्था :नगरपालिकाले कुनै सरकारी निकाय वा सामुदायिक संस्था वा क्लब तथा स्थानीय प्रहरी कार्यालय, बिधालय, स्वास्थ्य संस्था, मालपोत कार्यालय लगाएतले कुनै माल समान माग गरेमा आफ्नो विनियोजित बजेटको परिधि भित्र रही त्यस्तो माल समान आफै खरिद गरि वा सम्बन्धित निकायले गरेको खरिद प्रमाणको आधारमा सम्बन्धित आपूर्ति कर्तालाई भुक्तानी दिन सक्ने छ |

१०. बहुवर्षे भुक्तानी तालिका बनाइ खरिद गर्न सकिने : बजेट मा स्वीकृत आयोजनाहरुको हकमा लागत अनुमानको केहि अंश बजेट स्वीकृत भएतापनि स्वीकृत बिष्तृत परियोजना प्रतिबेदन तथा लागत अनुमान बमोजिम बहुबर्षे रुपमा आयोजना खरिद प्रक्रियाको माध्यम बाट नगर कार्यपालिकाको कार्यालयले नगर कार्यपालिकाको निर्णय अनुसार आयोजना संचालन गर्न सक्ने छ |

११. कन्टीजेंसी रकम सम्बन्धमा : क्) कुनै निर्माण सम्बन्धि आयोजनामा लागत अनुमानको १० प्रतिशत सम्म फिजिकल कन्टीजेंसी र ४ प्रतिशत सम्म प्रशासनिक कन्टीजेंसी राख्न सकिने छ |

ख) कन्टीजेंसी रकम खर्च गर्दा आयोजना सम्बन्धि बोलपत्र प्रक्रिया, सूचना प्रकाशन, मुल्यांकन अनुगमन, रेखदेख, निरीक्षण, इन्धन, सवारी साधन खरिद, ल्यापटप, प्रिन्टर, खाना खाजा, स्थानीय माग ब्यबस्थापन परियोजनामा आइपरेका अन्य समस्या समाधान अदालती प्रक्रिया, प्रोफायल निर्माण तथा अन्य यस्तै प्रकृतिका विषयमा खर्च गर्न सकिने छ |

१२. कार्यविधि, निर्देशिका, मापदण्ड बनाइ खर्च गर्न सकिने : नगर सभाबाट विनियोजित बजेट कुनै कार्यक्रम वा आयोजनामा खर्च गर्न नगरकार्यपालिका वा नगर सभाले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड पारित गर्न सक्ने छ |

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकिय अधिकृत